# <u>लुङ्ग्री गाउँपालिका रोल्पाको दलित विद्यार्थी छात्रवृत्ति व्यवस्थापन तथा वितरण कार्यविधि, २०८०</u>
## <u>प्रकाशन तथा प्रमाणिकरण मितिः</u>

**प्रस्तावनाः**

लुङ्ग्री गाउँपालिका भित्रका आर्थिक तथा सामाजिक रुपले कमजोर जेहेन्दार दलित विद्यार्थीहरुलाई शैक्षिक निरन्तरताको लागि छात्रवृत्ति प्रदान गरी गुणस्तरीय शिक्षामा समावेशी पहुँच अभिवृद्धि गर्ने तथा आर्थिक रुपमा कमजोर दलित विद्यार्थीहरुलाई आर्थिक अभावकै कारण शिक्षाबाट बञ्चित हुन नदिन आबश्यक छात्रवृत्तिको व्यवस्थापन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

## <u>प्रारम्भिक</u>

**१.संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम **"दलित विद्यार्थी छात्रवृत्ति व्यवस्थापन तथा वितरण कार्यविधि, २०८०"** रहेको छ।

(ख) यो कार्यविधि लुङ्ग्री गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२.परिभाषा र व्याख्याः** विषय वा प्रसंगले सको अर्थ नलागेमा यस कार्यविधिमा,

(क)**"कार्यविधि"** भन्नाले लुङ्ग्री गाउँपालिकाको दलित विद्यार्थी छात्रवृत्ति व्यवस्थापन तथा वितरण कार्यविधि २०८० सम्झनु पर्दछ।

(ख) **"गाउँपालिका"** भन्नाले लुङ्ग्री गाउँपालिका लाई सम्झनु पर्छ।

(ग) **"सामुदायिक बिद्यालय"** विद्यालय भन्नाले शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ ले निदिष्ट गरे बमोजिमको लुङ्ग्री गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुलाई बुझाउनेछ।

(घ) **"छात्रवृत्ति"** भन्नाले दलित बालबालिकाहरुलाई छात्रवृत्ति रकमबाट सामुदायिक विद्यालयमा लाग्ने विविध शुन्क, शैक्षिक सामग्री, विद्यालय पोशाकमा हुने खर्चलाई ध्यानमा राखी बालबालिकाहरुलाई अध्ययनमा प्रोत्साहन गर्न तोकिए बमोजिमको निश्चित रकमलाई बुझाउने छ।

(ङ) **"छनौट समिति"** भन्नाले यस कार्यविधि अनुसार गठित दलित विद्यार्थी छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति सम्झनु पर्दछ।

**३.कार्यबिधिको लक्ष्य, उद्देश्य**

**३.१ लक्ष्य-ः** दलित बालवालिका एवं विद्यार्थीहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्ने।

**३.२. उद्देश्य**

(क) बालबालिकाहरुलाई शिक्षामा पहुँच वृद्धि गर्न छात्रवृत्ति प्रदान गर्ने।

(ख) बालबालिकाहरुको गुणस्तरीय शिक्षामा जोड दिने।

(ग) दलित विद्यार्थीहरुलाई अध्ययनमा प्रोत्साहित गर्ने।

(घ) बालबालिकाहरुको विद्यालय छोड्ने दरलाई न्युनीकरण गर्ने।

**४. छात्रवृत्ति व्यवस्थापन समितिः**

४.१ लुङ्ग्री गाउँपालिकाबाट प्रदान गरिने दलित छात्रवृत्ति रकमलाई प्रभावकारी, पारदर्शी र लक्षित विद्यार्थीहरुको पहुँचमा पुरयाउनको लागि देहाय बमोजिमको एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्क्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) सामाजिक बिकास समिति संयोजक -सदस्य

(ङ) गाउँपालिका भित्र रहेका माध्यमिक बिद्यालयका प्र.अ. हरु मध्ये गाउँकार्यपालिकाको तोकेको १ जना -सदस्य

(इ) दलित तथा विपन्न वर्गको प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितले तोकेको १ जना - सदस्य

(च) गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा हेर्ने प्रमुख -सदस्य सचिव

**४.२ छात्रवृत्ति व्यवस्थापन समितिको बैठक सम्बन्धि व्यवस्थाः** विद्यार्थीहरुले समयमा नै छात्रवृत्तिवाट लाभ पाउन र बालवालिकाको शिक्षा पाउने अधिकार सुनिश्चितता गर्न देहाय बमोजिम छात्रवृत्ति व्यवस्थापन समितिको बैठक बस्नेछ।

(क) छात्रवृत्ति व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ।

(ख) दलित तथा अपांग अधिकारमा काम गर्ने संघ संस्थाको प्रमुख तथा प्रतिनिधिहरुलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सकिनेछ।

**४.३ छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार-ः**

(क) गाउँपालिका बाट उपलब्ध गराउने दलित छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धी आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने।

(ख) निर्धारित नीति र मापदण्डका आधारमा छात्रवृत्ति रकम प्रदान गर्ने।

(ग) छात्रवृत्ति कार्यान्वयन अवस्थाको अनुगमन तथा मुल्यांकन गर्ने।

(घ) छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा अध्ययन अनुसन्धान गरी गाउँकार्यपालिकामा सुझाव पेश गर्ने।

**५.छात्रवृत्ति कोटा निर्धारणः-** लुङ्ग्री गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरुको तथ्यांक संकलन गरी सो तथ्यांकको आधारमा छात्रवृत्ति वितरणका लागी गाउँसभाबाट विनियोजित बजेट सीमालाई मध्येनजर गर्दै दफा ४ बमोजिम समितिले छात्रवृत्ति कोटा निर्धारण गर्ने सक्नेछ।

**६. छात्रवृत्ति छनौटका आधार र मापदण्ड, शर्त तथा बन्देजः**

**६.१. छात्रवृत्ति छनौटका आधार र मापदण्डः** देहायको आधार र मापदण्डको आधारमा छात्रवृत्तिको लागि बिद्यार्थीहरु छनौट गरिने छ।

(क) दलित विद्यार्थी हुनुपर्नेछ।

(ख) अन्य कुनै संघ संस्थाबाट छात्रवृत्ति पाईरहेका विद्यार्थीहरुले दोहोरो रुपमा छात्रवृत्ति पाउने छैनन्।

(ग) सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थी हुनुपर्नेछ।

(घ) शैक्षिक शत्र अवधिमा विद्यालय खुल्ने कूल दिन मध्ये कम्तिमा ८० प्रतिशत हाजिरी सम्बन्धीत बिद्यालयमा हुनुपर्नेछ।

(ङ) लुङ्ग्री गाउँपालिका भित्रका आर्थिक रुपमा विपन्न दलितलाई मात्र छात्रवृत्ति प्रदान गरिनेछ।

(च) जिल्ला बाहिरका बिद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्दा भने लुङ्ग्री गाउँपालिकाबासीहरुलाई मात्र छात्रवृत्ति प्रदान गर्न सकिनेछ।

**६.२ छात्रवृत्ति छनौटका मापदण्डहरुः**

(क) शैक्षिक पक्षः यो मापदण्डका लागि बिद्यार्थीले प्राप्त गरेको शैक्षिक उपलब्धि (ग्रेड) प्रमाण-पत्र प्रमुख आधार हुनेछ यस अन्तर्गत आबेदकले ४० प्रतिशत अंक प्राप्त गर्ने छन्।जस्तै ३.६ देखि ४.० सम्म भए ४० अंक,३.२ देखि ३.६ सम्म भए ३५ अंक,२.८ देखि ३.२ सम्म भए ३० अंक र १.६ देखि २.८ सम्म भए २५ अंक।

(ख) सामाजिक पक्षः यो मापदण्डले सामाजिक बिविधताका हरेक पक्षलाई समेट्ने कोशिस गरेको छ।यस मापदण्ड अन्तर्गतका लागि ३० प्रतिशत अंक छुट्याइएको छ। जस अन्तर्गत यो पक्षलाई तीन क्षेत्रमा विभाजन गरिएको छ।१.अपाङ्गता-: "क" बर्ग भए १० अंक,"ख" भए ८,"ग" र "घ" भए ६ अंक,अपाङ्गता नभए ३ अंक) २.लैङगिक समाजिक समाबेशीकरणः- (पुरुष भए ८ अंक,महिला १० अंक) ३.अभिभावकको अवस्था-: (बुवा आमा गुमाएको भए,१० अंक, बुवा आमा मध्ये १ गुमाएको भए ८, दुवै भए ५ अंक) आदि।

(ग) आर्थिक पक्ष : यो मापदण्डलाई तीन क्षेत्रमा विभाजन गरिएको छ।जस्तै १.आय स्रोत २. सम्पत्ति (जग्गा र सम्पत्ति) ३.रोजगार स्थिति (आबेदक सदस्यहरू वा नजिकका नातेदारहरूको रोजगार स्थिति। यस मापदण्डका लागि ३० प्रतिशत अंक छुट्याइएको छ।

**७. छात्रवृत्तिको लागि आवेदन आब्हानः**

लुङ्ग्री गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिको बैठक बसी छात्रवृत्तिका लागि अनुसूची १ बमोजिमको कम्तिमा १५ दिने सार्वजनिक सूचना जारी गर्नेछ।

**८. छात्रवृत्ति प्राप्तिको लागि पेश गर्नुपर्ने कागजातहरु र कागजातहरु पेश गर्न निकाय वा शाखाः**

८.१ छात्रवृत्ति प्राप्तिको लागि पेश गर्नुपर्ने कागजातहरुः छात्रवृत्तिका लागि इच्छुक बिद्यार्थीहरुको सम्बन्धित विद्यालयमा तोकिएको समय सिमाभित्र देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछ।

(क) छात्रवृत्ति पाउने विद्यार्थीहरुले अनुसूची १ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ।

(ख)विद्यालयको अनुसूची २ बमोजिमको सिफारिस पत्र पेश गर्नुपर्नेछ।

(ग) IEMIS बाट PRINT गरेको बिद्यार्थी परिचयपत्र।

(घ) IEMIS SYSTEM बाट बनाईएको विद्यार्थीको अघिल्लो शैक्षिक सत्रको लब्धांक पत्र।

**८.२. कागजातहरु पेश गर्ने निकाय वा शाखा-**

१५ दिनको सूचना अनुसार सम्बन्धित विद्यालयमा निवेदन दर्ता गराउने, विद्यालयले माथि उल्लेखित रितपूर्वकको सम्पूर्ण कागजातहरुसहित ५ दिन भित्र सिफारिस गरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखामा पेश गर्नुपर्नेछ।

**९. छात्रवृत्ति वितरण प्रक्रिया र वितरण गरिने छात्रवृत्ति रकमः**

**९.१ छात्रवृत्ति वितरण प्रक्रियाः**

(क) गाउँपालिकाले सम्बन्धित विद्यालयहरुको बैंक खातामा छात्रवृत्ति रकम निकासा गर्नेछ।

(ख) लुङ्ग्री गाउँपालिकाको कार्यालयवाट रकम निकासा भएको मितिले एक महिना भित्र विद्यालयहरुले सम्बन्धित विद्यार्थीलाई छात्रवृत्ति बापत गाउँपालिकाबाट रकम प्राप्त भएको जानकारी दिनुपर्नेछ। सम्बन्धित विद्यार्थीले छात्रवृत्ति वापतको रकम पाउने अबस्थामा १ महिना भित्र प्रदान गरिसक्नुपर्नेछ।

**९.२ वितरण गरिने छात्रवृत्ति रकमः**

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कक्षा(१-१२)सम्म अध्ययन गरिरहेका विद्यार्थीहरुलाई वार्षिक निम्नानुसार तहगत रुपमा छात्रवृत्ति रकम वितरण गरिने छ। साथै वितरण गरिने छात्रवृति रकममा थप घट गर्न परेमा नियम ४ बमोजिम गठित छात्रवृति व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(क) आधारभूत तह कक्षा (१-८) ५,०००।- (अक्षरुपीः पाँच हजार रुपैयाँ मात्र)

(ख) माध्यमिक तह (९-१०) ८,०००।- (अक्षरुपीः आठ हजार रुपैयाँ मात्र)

(ग) माध्यमिक तह (११-१२) १०,०००।- (अक्षरुपीः दश हजार रुपैयाँ मात्र)

**१०.प्रतिवेदनः**

विद्यालयका विद्यार्थीहरुले छात्रवृत्ति पाए वा नपाएको सम्बन्धमा सुनिश्चितताको लागि रकम निकासा भएको मितिले ३५ दिनभित्र अनुसूची ३ बमोजिमको फाराम विद्यालयले भरी प्रतिवेदनको रुपमा लुङ्ग्री गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकूद शाखामा पेश गर्नुपर्नेछ।

**११.संशोधन ,बचाउ र खारेजी-ः**

(क) छात्रवृत्ति व्यवस्थापन तथा वितरण कार्यविधि आवश्यकतानुसार लुङ्ग्री गाउँपालिकाले संशोधन वा परिमार्जन गर्न सक्नेछ।

(ख) यस कार्यविधिमा उल्लेखित गरिएका कुराहरुको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएका विषयका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

(ग) यस कार्यविधिमा लेखिएका कुराहरुको प्रचलित प्रदेश तथा संघिय कानुन र संबिधान सँग बाझिएमा बाझिएको हकमा स्वतः निष्क्रिय हुनेछ।

अनुसूचि-१

दलित विद्यार्थी छात्रवृत्ति आव्हान सम्बन्धि सुचना

(सूचना प्रकाशन मितिः.................................)

लुङ्ग्री गाउँपालिकाका आर्थिक रुपले कमजोर दलित विद्यार्थीहरुका लागि छात्रवृत्ति उपलब्ध गराउनको लागि यस गाउँपालिकाको दलित छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० को दफा ७ बमोजिम छात्रवृत्ति व्यवस्थापन समितिको मिति.................. को निर्णयानुसार आर्थिक रुपले कमजोर दलित विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त गर्नका लागि यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजात तथा शर्तहरुः**

१. दलित विद्यार्थी हुनुपर्नेछ।

२. अन्य कुनै संघ संस्थाबाट छात्रवृत्ति पाईरहेका विद्यार्थीहरुले दोहोरो रुपमा छात्रवृत्ति पाउने छैनन्।

३. सामुदायिक विद्यालयमा अध्ययन गरेको विधार्थी हुनुपर्नेछ ।

४. शैक्षिक सत्र भरीमा विद्यालय खुल्ने कुल दिन मध्ये कम्तिमा ८० प्रतिशत हाजिरी हुनुपर्नेछ।

५. विद्यार्थी अध्ययन गरिरहेको विद्यालयमा नै १५ दिन भित्रमा निवेदन दर्ता गराउनुपर्नेछ। विद्यालयले छात्रवृत्तिको लागि आवेदन दिने म्याद समाप्त भएको मितिले ५ दिन भित्रमा सक्कलै निवेदन कागजात सहित सिफारिस गरी गाउँकार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ।

६. निवेदनका साथ विद्यार्थीले विद्यार्थी परिचय पत्र अघिल्लो शैक्षिक सत्र वा तहको लब्धांक पत्र पेश गर्नुपर्नेछ।

अनुसुची २

छात्रवृत्ति आवेदन

श्री छात्रवृत्ति व्यवस्थापन समिति,
लुङ्ग्री गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, बडाचौर रोल्पा।
मार्फत,
श्री प्रधानाध्यापक ज्यू,
...................................................विद्यालय,......................रोल्पा

**<u>विषयः छात्रवृत्ति पाउँ भन्ने वारे ।</u>**

प्रस्तुत विषयमा लुङ्ग्री गाउँपालिका, बडा नं. ........मा स्थायी ठेगाना भई हाल ..............................................................................विद्यालयमा कक्षा........अध्ययन गरिरहेकोले म निवेदक देहायका कागजात सहित आर्थिक रुपमा कमजोर दलित विद्यार्थीको लागि तहाँ कार्यालयबाट मिति ...........मा गरिएको छात्रवृत्तिको लागि सूचना अनुसार छात्रवृत्ति पाउँ भनि निवेदन पेश गरेको छु।

**<u>व्यक्तिगत विवरण</u>**

विद्यार्थीको नाम थरः स्थायी ठेगानाः
बाबुको नामः आमाको नामः परिवारका सदस्य संख्याः
नागरिकता भए नागरिकता नं. र जारी मितिः सम्पर्क नं.:

**<u>शैक्षिक संस्था</u>**

अध्ययनरत विद्यालयको नामः स्थानः
शैक्षिक सत्रः
कक्षा/तहः बिषयः

**संलग्न कागजातः:**

१. विद्यार्थी परिचय पत्रको प्रतिलिपि।
२. अघिल्लो शैक्षिक सत्र वा तहको लब्धांक पत्रको प्रतिलिपि।
३. सम्बन्धित विद्यालयको सिफारिस पत्र।

माथि मैले उल्लेख गरेको व्यहोरा सबै साँचो हुन, म अन्य कुनै संघ संस्था निकायबाट छात्रवृत्ति पाईरहेको विद्यार्थी होइन, फरक परेमा कानून बमोजिम सहुलाँ बुझौला, भनी सही छाप गरिदिएँ ।

**निवेदक**

नामः
हस्ताक्षरः
मितिः

दायाँ बायाँ

अनुसुचि ३

छात्रवृत्ति प्रतिवेदन फाराम

**विषयः छात्रवृत्ति वितरण प्रतिवेदन सम्बन्धमा।**

श्री छात्रवृत्ति व्यवस्थापन समिति,
लुङ्ग्री गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, बडाचौर रोल्पा।

प्रस्तुत विषयमा तहाँ समितिको मिति.................. निर्णयानुसार तहाँ कार्यालयबाट यस विद्यालयको खाता नं. ........................................ मिति ......... मा जम्मा हुन आएको दलित छात्रवृत्ति वापतको रकम तपसिल अनुसार भरपाई गरी बुझाईदिई/अध्ययन शुल्कबापत रकम जम्मा गरी यो छात्रवृत्ति वितरण प्रतिवेदन पेश गरेको छु।

सि.नं.

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामः

तह/कक्षाः

कार्यालयवाट निकासा भएको छात्रवृत्ति रकमः

छात्रवृत्तिवापत भुक्तानी भएको रकमः

बढी भएको भए फिर्ता रकमः

**संलग्न कागजात**
१.आम्दानी रसिद
२.विद्यार्थीले रकम बुझिलिएको भर्पाई।

प्रधानाध्यापकको
नामः
हस्ताक्षरः